# बुलिङटार गाउँपालिकाको अर्थसम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐन-२०८२

**प्रस्तावनाः**

बुलिङटार गाउँपालिकाको आर्थिक वर्ष २०८२/८३ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम बुलिङटार गाउँ सभाले यो ऐन जारी गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस ऐनको नाम **"आर्थिक ऐन, २०८२"** रहेको छ ।
(२) यो ऐन २०८२।०४।०१ गतेदेखि बुलिङटार गाउँपालिका क्षेत्रमा लागू हुनेछ।

२. **भूमि कर (मालपोत):**गाउँपालिका क्षेत्रभित्र अनुसूची-१ बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ ।

३. **घर जग्गा वहाल तथा अन्य कर :** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पुरै आंशिक तवरले वहालमा दिएकोमा वा नयाँ घर निर्माण गरेको तथा घर अभिलेखिकरण गरेमा, घरजग्गा नापजाँच गरेमा अनुसूची-२ बमोजिम घर जग्गा वहाल तथा घर नक्सा पास एबम् अभिलेखिकरण कर लगाइने र असूल गरिनेछ ।

४. **व्यवसाय कर:** गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूची-३ बमोजिम व्यवसाय कर लगाइने र असूलउपर गरिनेछ ।

५. **बहाल विटौरी कर:** गाउँपालिकाले बनाएको वा स्वामित्वमा रहेको घर, कम्पाउण्ड वा सटर भाडा, सार्वजिनक जग्गा लगायतका भाडा वापत अनुसूची-४ बमोजिम बहाल विटौरी कर लगाइने र असूलउपर गरिनेछ

६. **जडिबुटी, कवाडी र जीवजन्तु कर:** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूची-५ बमोजिमको कर लगाइने र असूलउपर गरिनेछ ।

७. **सेवा शुल्क, दस्तुर:** गाउँपालिकाले विभिन्न सेवा पुर्याए वापत वा सिफारिस गरेवापत वा अन्य कार्य गरेवापत लिइने राजश्व, सेवा शूल्क वा जरिवाना अनूसूची-६ मा व्यवस्था भए अनुसार शुल्क लगाईने र असूलउपर गरिनेछ ।

८. **विज्ञापन कर:**गाउँपालिका क्षेत्रभित्र विभिन्न कम्पनी, फर्महरुबाट विज्ञापनका सामाग्रीहरु राखेवापत अनुसूची-७ बमोजिम विज्ञापन कर असुलउपर गरिनेछ ।

९. **कर छुट** : यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थालाई करमा दिइने छुट सम्बन्धमा अनुसूची-८ बमोजिमको करछुटको व्यवस्था गरिनेछ।

१०. प्रदेश सरकारबाट तोकिने करको सम्बन्धमा सोही करको दररेट लागू गरी असुलउपर गरिनेछ ।

११. **दण्ड जरिवानाः** बुलिङटार गाउँपालिका भित्रको नदी, खहरे खोला, लागायतमा विना अनुमति अवैध रुपमा IEE समेत नभएको स्थानबाट नदीजन्य पदार्थको उत्खनन्, ओसार पसार र बिक्रि वितरण गर्ने कार्यमा देहाय बमोजिमको साधन र चालकबाट भएमा अनुसुचि-९ बमोजिमको दण्ड जरिवाना गरि नियमन एवं नियन्त्रण गर्ने साथै दोस्रो पटक प्रवेश गरेमा दोब्बर दण्ड तथा जरीवाना गर्ने ।

१२. **प्रक्रिया सरलिकरण वा बाधा अड्काउ फुकुवा गर्न सक्नेः** प्रचलित कर सम्बन्धी कानून तथा यस ऐनको कार्यान्वयनको क्रममा सार्वजनिक शान्ति र व्यवस्थामा गम्भिर खलल पुगेको वा सार्वजनिक आवागमनमा अवरोध भएको वा विपदको कारणले उल्लिखित कानूनले प्रदान गरेको कुनै सुविधा उपभोग गर्न नपाउने अवस्था सिर्जना भएमा, कुनै जटिलता देखिएकमा वा उल्लेखित कानून तथा यस ऐनको कार्यान्वयनमा कुनै बाधा अड्काउ पर्न गएमा गाउँ कार्यपालिकाले आवश्यकता अनुसार अवधि थप गर्न, प्रक्रिया सरलिकरण गर्न वा कार्यान्वयनमा देखिएको बाधा अड्काउ फुकुवा गर्न सक्नेछ ।

१३. **संशोधन तथा खारेजीः** यो ऐन गाउँसभाको दुईतिहाइ बहुमतबाट खारेज गर्न सकिनेछ भने सामान्य बहुमतबाट आवश्यक संशोधन गर्न सकिनेछ ।

## अनुसूची–१

(दफा २ संग सम्बन्धित)

### बुलिङटार गाउँपालिकाबाट आ.ब. २०८२।८३ मा लगाउने वार्षिक भूमि (मालपोत) करका क्षेत्र र दरहरु

| क्र.स. | प्रकरण नं. | विवरण | आ.व.०८२/८३ को लागि स्वीकृत दर |
|---|---|---|---|
| | | **मालपोत तथा भूमि कर** | |
| क | **सि.न.** | मालपोत तथा भुमि कर | दस्तुर रु. |
| | १ | मालपोत न्युनतम ४ रोपनीसम्म | रु. ५० |
| | २ | न्युनतम ४ रोपनी भन्दा बढीमा प्रति रोपनीमा थप | रु. १५ |
| | मालपोत करको बिलम्ब शुल्क तपसिल बमोजिम हुनेछः<br>१. १ वर्ष विलम्ब भएमाः थप शुल्क १० प्रतिशत<br>२. २ वर्ष विलम्ब भएमाः थप शुल्क १५ प्रतिशत<br>३. ३ वर्ष विलम्ब भएमाः थप शुल्क २० प्रतिशत<br>४. ४ वर्ष विलम्ब भएमाः थप शुल्क २५ प्रतिशत<br>५. ५ वर्ष विलम्ब भएमाः थप शुल्क ३० प्रतिशत<br>६. ५ वर्ष वर्षभन्दा बढि भएमाः थप शुल्क ५० प्रतिशत | | |

| क्र.स. | प्रकरण नं. | विवरण | आ.व. ०८२/८३ को लागि स्वीकृत दर |
|---|---|---|---|
| | | **सम्पति कर** | |
| १ | १ | रु ५ लाखसम्म (माटो वा कच्ची ईटा,ढुङ्गाले बनेको घर र सो घरले चर्चेको जग्गामा) | २०० |
| २ | २ | रु ५ लाखदेखि १० लाखसम्म (पक्की ईटाले बनेको कच्ची घर र सो घरले चर्चेकोजग्गामा) | ३०० |
| ३ | ३ | रु १० लाखदेखि २५ लाखसम्म(पक्की घर चार कोठासम्मको घर र सो घरले चर्चेको जग्गामा) | ५०० |

| | | | |
|---|---|---|---|
| ४ | ४ | रु २५ लाखदेखि ५० लाखसम्म(पक्की घर आठ कोठासम्मको घर र सो घरले चर्चेको जग्गामा) | १००० |
| ५ | ५ | रु ५० लाखदेखि माथि पक्की घर र सो घरले चर्चेको जग्गामा | १५०० |

## अनुसूची–२

**(दफा ३ संग सम्बन्धित)**

**बुलिङटार गाउँपालिकाबाट आ.व.२०८२।०८३ मा लगाउने घर जग्गाको वार्षिक बहाल कर नापनक्सा रकम तथा नक्सा पास तथा अभिलेखिकरणका क्षेत्र र दरहरु**

| क्र.स. | प्रकरण नं. | विवरण | आ.व. ०८२/८३ को लागि स्वीकृत दर |
|---|---|---|---|
| १ | | गाउँपालिका क्षेत्र भित्रको हल, घर, पसल, गोदाम, टहरा, सेड, कारखाना, जग्गा वा पोखरी पुरै वा आंशिक रुपमा बहाल दिएकोमा सम्वन्धीत घर जग्गा धनीलाई लाग्ने बहाल कर (जम्मा बहाल रकमको) | १०% |
| २ | | घर जग्गा नापजाँच वापत प्रतिकित्ता | १००० |
| ३ | | घरनक्सा अभिलेखिकरण किताव बिक्रि | ५०० |
| ४ | | घरनक्सा पास दस्तुर (आवाशिय) प्रति वर्ग फिट | ३ |
| ५ | | घरनक्सा पास दस्तुर (व्यवसायिक) प्रति वर्ग फिट | ५ |
| ६ | | घरनक्सा अभिलेखिकरण प्रति वर्ग फिट | २ |

## अनुसूची–३

**(दफा ४ संग सम्बन्धित)**

**बुलिङटार गाउँपालिकाबाट आ.ब. २०८२।८३ मा लगाउने व्यवसायको वार्षिक करको क्षेत्र र दरहरु**

| क्र.स. | प्रकरण नं | आ.ब. २०८२।८३ को लागि स्वीकृत दर व्यवसाय दर्ता | |
|---|---|---|---|
| १ | | **व्यापारिक बस्तु** | |
| | क | मदिरा डिलर | ५००० |
| | ख | मदिरा खुद्रा | ३००० |
| | ग | मदिरा सहितका कोल्ड स्टोर्स | ३००० |

| | | | |
|---|---|---|---|
| | घ | सुन चाँदीका गहना बनाउने खरीद तथा विक्री गर्ने पसल | ५००० |
| | ङ | टेलिभिजन तथा फ्रिज, राइस कुकुर,वासिङ मेशिन लगायतका विद्य्तीय उपकरण विक्री गर्ने पसल | २००० |
| | च | साउन्ड सिस्टम तथा टेन्ट भाडो व्यवसाय | २००० |
| | छ | रंगरोगन, किला काँटी, सन्माईका, प्लाईउड, सेनेटरी समान, छड, सिमेन्टका साथै फ्लोरीङ फिनीसिङ्ग र अन्य निर्माण सामाग्रीको विक्रेता (हार्डवेयर पसल) | ६००० |
| | ज | पुल हाउस,स्नुकर,फुटसल आदि | १००० |
| | झ | जीम हाउस | १००० |
| | **१.१** | **कम्प्युटर र अन्य ईलेक्ट्रोनिक्स इलेक्ट्रिलका सामान बिक्री तथा मर्मत** | |
| | क | कम्प्युटर र सोका पार्टस विक्री गर्ने, साउण्ड सिस्टम, कम्प्युटर प्रशिक्षण तथा साईवर सञ्चालन गर्ने | २००० |
| | ख | मोवाईल ग्यालरी, मोवाईल सेट विक्री तथा मर्मत | १००० |
| | ग | विजुलीका सामानका साथै विजुली वाट चल्ने उपकरण जस्तै हिटर, कुलर, पंखा, आईरन,पानी तान्ने पम्प आदि विक्री गर्ने (साना तथा मध्यम खालको उपकरण राख्ने पसल) | १००० |
| | घ | बिजुलीका सामान मात्र बिक्री गर्ने | ८०० |
| | १.२ | **दैनिक उपभोगका खाद्य पदार्थ, कपडा आदिको व्यापार व्यवसाय** | |
| | क | किराना पसल | २००० |
| | ख | घुम्तीवाला किराना | ५०० |
| | ग | घुम्तीवाला अन्य पसल | ५०० |
| | ३ | फेन्सी पसल तथा जुत्ता चप्पल पसल | २००० |
| | ङ | माथि मा उल्लेखित आइटम थोक विक्रेताको हकमा | २००० |
| | च | कपडा पसल | २००० |
| | १.३ | **सवारी साधन मर्मत तथा सम्भार गर्ने** | |
| | **क** | विभिन्न सवारी साधनका पार्टस विक्री गर्ने | २००० |
| | ख | साइकल,रिक्शा,मोटर साइकल मर्मत, गाडि तथा वासिङ सेन्टर | २००० |
| | ग | ईलेक्ट्रीक मेशीनबाट वेल्डीङ्ग गर्ने | २००० |
| | घ | ग्याँस वेल्डीङ्ग गर्ने | २००० |
| | ङ | मोटरसाईकल विक्रेता डिलर वा सोरुम | ८००० |
| २ | **विशेषज्ञ परामर्श तथा अन्य व्यवसायिक सेवा** | | |
| | क | पशु चिकित्सक | ८०० |
| | ख | कविराज वैद्य | ५०० |
| | ग | कानुन व्यवसायी | ५०० |
| | घ | लेखापरीक्षक (क, ख, ग र घ वर्ग) | ५०० |

| | | | |
|---|---|---|---|
| | ङ | दन्त चिकित्सक | १००० |
| | च | अनुसन्धानकर्ता र परामर्शदाता (नक्सा डिजाईनर) | ३००० |
| | छ | बीमा एजेन्ट | १००० |
| | ज | संस्थागत पेन्टर स्थानीय | १००० |
| | झ | लेखापढी व्यवसायी | ५०० |
| | ञ | लेखापढी व्यवसायी | ५०० |
| ३ | **उद्योग तर्फ** | | |
| | क | ग्रिल, सटर, ट्रस बनाउने उद्योग | ४००० |
| | ख | पशुपंक्षीको आहारा उत्पादन गर्ने | १००० |
| | ग | सोलार पावर कम्पनीको डिलर वा विक्रेता | ३००० |
| | घ | चिरान मेशीन राखी साधारण फर्निचर उत्पादन गर्ने | ५००० |
| | ङ | फर्निचर पसल | २००० |
| | च | जुत्ता चप्पल उद्योग | २००० |
| | छ | डेरी उद्योग | २००० |
| | ज | स्यानीटरी उद्योग | १००० |
| | झ | लघु उद्यम(मसला,पाउरोटी,अचार आदी उद्योग) | ५०० |
| | ञ | निर्माणव्यवसायी घ वर्ग फर्म दर्ता/सुचिकरण | १५००० |
| | ट | निर्माण व्यवसायी घ वग नविकरर्ण | ३००० |
| ४ | **होटेल, रेष्टुरा, रिसोर्ट ट्राभल्स एजेन्सी, ग्लाईडिङ्ग, आदि उद्योग व्यवसाय** | | |
| | क | प्रा.लि. भएका होटेल | ५००० |
| | ख | ट्राभल एजेन्सी शाखा तथा ग्लाईडिङ | १००० |
| | ग | होटेल तथा लज र हलको व्यवस्था भएको | २००० |
| | घ | होटल साधारण | १००० |
| | ङ | रेष्टुरेन्ट वा चमेना गृह | १००० |
| | च | आधुनिक सुविधायुक्त रेष्टुरेन्ट एण्ड बार | २५०० |
| | छ | साधारण चिया पसल | ५०० |
| | ज | मिठाई पसल | ८०० |
| | झ | मिठाईका साथै खाजा नास्ताको व्यवस्था भएको | १००० |
| | ञ | होम स्टे | ५००० |
| ५ | **छपाई तथा प्रकाशन** | | |
| | क | अफसेट प्रेस भएका | २५०० |
| | ख | स्क्रिन प्रिन्ट गर्ने | १००० |
| | ग | फ्याक्स फोटोकपी सेन्टर तथा फोटा स्टुडियो | १००० |
| | घ | ईमेल ईन्टरनेट सहित साईवर क्याफेको व्यवस्था भएको | १००० |
| | ङ | कुरीयर सेवा | २०० |
| | च | छपाई तथा प्रकाशन (पत्रपत्रिका) | २००० |

| | | | |
|---|---|---|---|
| | छ | एफ.एम. रेडियो स्टेशनमा वार्षिक | २००० |
| ६ | **वित्तिय सेवा** | | |
| | क | नेपाल सरकारका पूर्ण स्वामित्वमा रहेका बाहेक क वर्गका वाणिज्य बैकहरु | २०००० |
| | ख | ख वर्ग वर्गका विकास बैकहरु | १६००० |
| | ग | वित्तिय कम्पनीका ग तथा घ वर्ग वर्गका विकास बैकहरु | १०००० |
| | घ | साना तथा मझौला लघुवित्तहरु (राष्ट्रिय स्तरका बाहेके) | १०००० |
| | ङ | मनि ट्रान्सफरका शाखा कार्यालय | ८००० |
| | च | बीमा कम्पनी | ८००० |
| | छ | सहकारी- बैंकिङ व्यवसाय समेत गर्ने | ८००० |
| | ज | सहकारी -बैंकिङ व्यवसाय नगर्ने | १००० |
| | झ | अन्य क्षेत्रमा कार्यालय भई यस गाउँपालिकामा कारोवार संचालन गर्ने वित्त संस्थाहरु/लघुवित्त संस्था | ८००० |
| | ञ | कन्सल्टेन्सी | ५००० |
| ७ | **निजी स्वास्थ्य सेवा** | | |
| | क | अस्पताल (सम्पूर्ण सेवा प्रदान गर्ने) | २०००० |
| | ख | क्लिनिक तथा ल्याव | १०००० |
| | ग | दन्त क्लिनिक | ४००० |
| | घ | अल्ट्रासाउन्ड एक्सरे | ४००० |
| | ङ | औषधी पसल | ४००० |
| | च | सादा एक्सरे | २००० |
| | छ | ल्याव सेवा | २००० |
| ८ | **शिक्षा सेवा** | | |
| | | शिशु स्तरका विद्यालय | ५००० |
| | | **निजी क्षेत्रका स्कुल, क्याम्पस, विश्वविद्यालय** | |
| | **क** | आधारभूत स्तरका विद्यालय | १०००० |
| | ख | मा.वि.स्तरका विद्यालय | १५००० |
| | ग | प्राविधिक शिक्षालय | १८००० |
| | घ | क्याम्पस स्तर | २०००० |
| | ङ | शिक्षक अभिलेखिकरण | ५०० |
| ९ | **तालिम तथा अनुसन्धान केन्द्र** | | |
| | क | कम्प्युटर प्रशिक्षण केन्द्र | २००० |
| | ख | सिलाई कटाई तालिम गराउने केन्द्र | २००० |
| | ग | ड्राभिङ प्रशिक्षण केन्द्र | ५००० |
| १० | **अन्य सेवा** | | |

| | | | |
|---|---|---|---|
| | | विज्ञापन सेवा सबै किसिमका | १००० |
| | क | व्युटीपार्लर, केश श्रृङगार आदि | १००० |
| | ख | कष्मेटिक पसल | १००० |
| | ग | हजाम सटरवाला | १००० |
| | ङ | फोटो, भिडियो मिक्सीङ गर्ने, सि.डी. तयार गर्ने(फोटो ग्राफी) | १००० |
| | च | आर्ट सेन्टर (फ्लेक्स प्रिन्ट) | २००० |
| | छ | आर्ट सेन्टर साधारण | १००० |
| | ज | भाँडाकुँडा विक्रेता पसल(भाँडा पसल) | २००० |
| | झ | खेलौना उपहार तथा गिफ्ट पसल | १००० |
| | ञ | केवुल नेटवर्क व्यवसाय | ४००० |
| | ट | एग्रोभेट सेन्टर | २००० |
| | ठ | म्यानपावर कम्पनी शाखा कार्यालय | १०००० |
| | ड | ग्याँस विक्रेता | २००० |
| | ढ | ट्र्याक्टर | ३००० |
| | ण | डोजर | ५००० |
| | त | अटोरिक्सा (विद्युतीय समेत) | २००० |
| | थ | टिप्पर | ८००० |
| ११ | **मासु तथा पशुजन्य विक्रेता** | | |
| | क | पंक्षिजन्य तथा मासु पसल | १००० |
| | ख | कुखुराको अण्डा पसल | १००० |
| | ग | मौरी पालन फर्म | ५०० |
| | घ | अन्य कृषि तथा पशु फर्महरु(व्यक्तिगत तथा सामुहिक) | २०० |
| १२ | **अस्थायी हाट वजार वा घुम्ती पसल(दैनिक रुपमा)** | | |
| | क | तरकारी, फलफुल पसल प्रति दिन | २० |
| | ख | माछामासु साथै अन्य पसल प्रति दिन | २० |
| १३ | **अन्य विभिन्न पसलहरु** | | |
| | क | स्टेशनरी पसल | १००० |
| | ख | चस्मा बिक्री तथा मर्मत गर्ने पसल | १००० |
| | ग | पान चुरुटका साथै अन्य मालसामानका पसल | १००० |
| | घ | मिक्चर मेसिन | २००० |
| १४ | **तरकारी फलफुल खुद्रा पसल** | | |
| | क | तरकारी फलफूलको थोक पसल | १००० |
| | ख | खुद्रा तरकारी फलफुल पसलका साथै अन्य | ५०० |
| १५ | **विभिन्न व्यवसाय** | | |
| | क | कुखुरा पालन व्यवसाय/फर्म | १००० |
| | ख | वंगुर पालन व्यवसाय (५ वटा भन्दा माथि) | १५०० |

| | | | |
|---|---|---|---|
| | ग | गाई भैंसी पालन व्यवसाय (५ वटा भन्दा माथि) | १५०० |
| | घ | बाख्रा पालन व्यवसाय (५० भन्दा माथि) | १५०० |
| | ङ | माछा पालन व्यवसाय प्रति पोखरी | ५०० |
| | च | माथिका व्यवसायमा तोकिएको संख्याभन्दा कमको हकमा शीर्षक अनुसारको रकममा रु. २०० कम लाग्नेछ । | |
| | छ | कुटानी पिसानी पेलानी मिल (व्यक्तिगत तथा सामुहिक) | १५०० |
| | ज | पानी घट्ट | २०० |
| | झ | पानी मिल | ५०० |
| | ञ | समुह दर्ता (बालसमुह, आमासमुह, युवा क्लब लागयतका सामाजिक समुह दर्ता ) | १००० |

**नोटः**

(१) माथिको वर्गिकरणमा समावेश नभएको सेवा व्यवसायको हकमा त्यस्तै प्रकृतिको अन्य कारोवारको आधारमा कर लगाइनेछ ।

(२) माथि तोकिएको पेशा व्यवसायहरुमा बाहेक एउटै फर्मले एकभन्दा बढि बस्तु वा सेवाहरुको कारोवार गरेको अवस्थामा मुख्य मुख्य कारोवारको अतिरिक्त थप कारोवारको लागि त्यस्तो थप कारोवारमा तोकिएको दरको २५ प्रतिशतका दरले थप कर लाग्नेछ ।

(३) चालु आ.व.को कर आश्विन मसान्तसम्ममा बुझाएमा १० प्रतिशत छुट दिने र माथि तोकिएको अवधिमा वार्षिक रुपमा तिर्नु पर्ने कर,दस्तुर नबुझाएमा थप १० प्रतिशतका दरले जरिवाना लाग्नेछ । अन्यको हकमा तपसिल बमोजिम जरिवाना लाग्नेछ ।

विलम्ब शुल्क तपसिल बमोजिम हुनेछः

१. २ वर्ष विलम्ब भएमाः थप शुल्क १५ प्रतिशत
२. ३ वर्ष विलम्ब भएमाः थप शुल्क २० प्रतिशत
३. ४ वर्ष विलम्ब भएमाः थप शुल्क २५ प्रतिशत
४. ५ वर्ष विलम्ब भएमाः थप शुल्क ३० प्रतिशत
५. ५ वर्ष भन्दा बढि भएमाः थप शुल्क ५० प्रतिशत

(४) म्याद समाप्त भएको मितिले असार मसान्तसम्म जरिवाना लाग्ने छैन

(५) दर्ता गरेको सुरु वर्ष वार्षिक कर लाग्ने छैन ।

(६) व्यवसाय नविकरण गर्दा दर्ताशुल्कको ५० प्रतिशत रकम लाग्नेछ साथै व्यवसायहरुको दर्ता प्रमाणपत्रको प्रतिलिपी लिदा नविकरण शुल्कको ५० प्रतिशत रकम लाग्नेछ ।

(७) अन्य निकायमा दर्ता भई यस पालिका अन्तर्गत रहने व्यवसायहरुको सुचिकृत गर्दा माथि उल्लेखित व्यवसाय दर्ता रकमको ५० प्रतिशत सुचिकृत रकम लाग्नेर सूचिकृत भएका व्यवसायको वार्षिक नविकरण गर्दा सूचिकृत रकमको ५० प्रतिशत रकमलाग्नेछ।

(८) माथि तोकिएका पेशा, व्यवसायहरुमा १० लाख भन्दा बढी लगानि भएमा उल्लेखित दरमा थप ५० प्रतिशत दस्तुर लाग्नेछ ।

(९) पौष मसान्त सम्म नविकरण गरेमा जरिवाना रकमको ५ प्रतिशत मात्र दस्तुर लाग्नेछ ।

## अनुसूची–४

**(दफा ५ संग सम्बन्धित)**

**बुलिङटार गाउँपालिका आ.ब. २०८२।८३ मा लगाउने बहाल विटौरी करका क्षेत्र र दरहरु**

| क्र.स. | प्रकरण नं. | विवरण | इकाई | स्वीकृत दर |
|---|---|---|---|---|
| १ | | ऐलानी, पर्ती, सार्वजनिक जग्गामा पसल आदि खोल्न दिए वापत मासिक | वर्ग मी. | ५ रुपैयाँ |
| २ | | गाउँपालिकाले बनाएको वा स्वामित्वमा भएको घर, कम्पाउण्ड वा सटर भाडामा लगाए वापतमासिक | वर्ग फुट | रु. ५ |

## अनुसूची-५

**(दफा ६ संग सम्बन्धित)**

**बुलिङटार गाउँपालिका आ.ब. २०८२।८३ मा लगाउने जडिबुटी, कवाडी र जीव जन्तु तथा वनजन्य/पशुजन्य करका क्षेत्र तथा दरहरु**

| क्र.स. | प्रकरण नं. | विवरण | इकाई | स्वीकृत दर |
|---|---|---|---|---|
| **वन पैदावार/जडिबुटीजन्य** | | | | |
| १ | | नकस (खर) बावियो, मलहन पत्ता, छ्वाली, पराल, बगास, बेत | ट्रक | १०० |
| | | | ट्याक्टर | ५० |
| २ | | बाँस(ठुलो) र भाटे वाँस | गोटा | ५ |
| ३ | | निगालो बाँस | गोटा | २ |
| ४ | | वेत बाँस | गोटा | १० |
| ५ | | अदुवा | के.जी. | २ |
| ६ | | सुकेको बेसार /सुकेको खुर्सानी | प्रति के.जी. | १ |
| ७ | | काचो बेसार / काँचो खुर्सानी | प्रति के.जी. | १ |
| ८ | | अम्लिसो | प्रति विटा | ५ |

## अनुसूची-६

**(दफा ७ सँग सम्बन्धित)**

बुलिङटार गाउँपालिकाबाट **आ.ब. २०८२।८३** मा लगाउने सेवा, शूल्क तथा दस्तुरको क्षेत्र र दरहरु

| क्र.सं. | प्रकरण नं. | विवरण | इकाई | आ.व. ०८१/८२ को लागि स्वीकृत दर रु. |
|---|---|---|---|---|
| | | **विभिन्न सिफारिस दस्तुरहरु** | | |
| १ | | अग्रेजीमा गरिने सबै सिफारिश | | ८०० |
| २ | | नागरिकता सिफारिश | | १०० |
| ३ | | नागरिकता प्रतिलिपी सिफारिश | | २०० |
| ४ | | अंगिकृत नागरिकता सिफारिश | | ३०० |
| ५ | | नाता प्रमाणित स्वदेश प्रयोजन | | ३०० |
| ६ | | नाता प्रमाणित विदेश प्रयोजन | | ८०० |
| ७ | | नाता कायम सिफारिश | | ३०० |
| ८ | | पारिवारिक विवरण सिफारिस | | ३०० |
| ९ | | बसोवास प्रमाणित सिफारिस | | ३०० |
| १० | | नाबालक सिफारिस | | ५०० |
| ११ | | जन्म मिति प्रमाणित सिफारिश | | २०० |
| १२ | | वैवाहिक सम्वन्ध प्रमाणित सिफारिश | | २०० |
| १३ | | अविवाहित प्रमाणित सिफारिश | | २०० |
| १४ | | व्यक्तिगत प्रमाणित सिफारिश | | २०० |
| १५ | | चारित्रिक प्रमाणित सिफारिश | | २०० |
| १६ | | सम्वन्ध विच्छेद प्रमाणित सिफारिस | | १००० |
| १७ | | खानेपानी, टेलिफोन जडान, नामसारी, ठाउँ सारी सिफारिश | | २०० |
| १८ | | विद्युत मिटर जडान सिफारिश (घरायसी) | | २०० |
| १९ | | विद्युत मिटर जडान सिफारिश (उद्योग) | | ५०० |
| २० | | वनजन्यु वस्तुको निकासी सिफारिश (प्रति टेक्टर) | | ५०० |
| २१ | | संघ संस्था दर्ता सिफारिस | | १००० |
| २२ | | संघ संस्था नविकरण सिफारिस | | ५०० |
| २३ | | राय सल्लाह, सुझाव दस्तुर | | ३००० |
| २४ | | घर खाली गराउँदा प्रति दिन | | १००० |
| २५ | | नाम थर, जन्म मिति संशोधन सिफारिश | | ५०० |
| २६ | | चौपाया निकासी दस्तुर प्रति गोटा | | १०० |
| २७ | | कागजपत्र प्रमाणित दस्तुर प्रति गोटा | | ५०० |
| २८ | | मिलापत्र दस्तुर(दुवै वा कुनै एक पक्षबाट सहमतीको | | १०० |

| | | | | |
|---|---|---|---|---|
| | | आधारमा) | | |
| २९ | | संरक्षक प्रमाणित वा संस्थागत वा व्यक्तिगत संरक्षक सिफारिश | | ३०० |
| ३० | | जिवित रहेको सिफारिश | | ५०० |
| ३१ | | हकवाला वा हकदार प्रमाणित | | ५०० |
| ३२ | | जनजाति सिफारिस दस्तुर | | २०० |
| ३३ | | आर्थिक अवस्थाको सम्बन्धमा शिफारिस ( सम्पम्पन्ना) | | ५०० |
| ३४ | | आर्थिक अवस्थाको सम्बन्धमा शिफारिस (विपन्नता | | निःशुल्क |
| ३५ | | पालनपोषणको लागि शिफारिस | | निःशुल्क |
| ३६ | | जग्गाको हक सम्बन्धमा शिफारिस | | ५०० |
| ३७ | | अन्य सिफारिस सामान्य ( स्वदेश प्रयोजन) | | २०० |
| ३८ | | अन्य सिफारिस सामान्य ( विदेश प्रयोजन) | | ८०० |
| ३९ | | शिक्षक सरुवा सिफारिस जानेको हकमा(एक आर्थिक वर्पको लागि) | | ५००० |
| ४० | | शिक्षक सरुवा सिफारिस आउनेको हकमा | | १००० |
| ४१ | | सर्जमिन मुचुल्का | | ५०० |

**वनजन्य वस्तुको निकासी तथा कटान सिफारिश**

**आबादिको काठ निकासी सिफारिस**

**रुख कटान सम्बन्धी सिफारिस**

| | | | | |
|---|---|---|---|---|
| १ | | प्रति रुख कटानी | | २०० |
| २ | | खयर कटान सिफारिस | ५ वटा रुख कटान सम्मको रु ५००० र थप प्रतिरुख कटान रु.१०००। | |

## अनुसूची-८

**(दफा ९ संग सम्बन्धित)**

**बुलिङटार गाउँपालिका आ.ब. २०८२।८३ मा लगाउने सेवा, शुल्क करमा हुने छुटको विवरण**

| क.स. | विवरण | स्वीकृत दर |
|---|---|---|
| १ | महिला तथा अपाङ्गको नाममा लघु उद्यम नामसारी दर्ता गर्दा | २०% |
| २ | व्यवसाय कर सोहि बर्षको आश्विन मसान्त सम्म बुझाएमा | १० % |
| ३ | औषधि उपचार तथा अपांग परिचयपत्रको लागि सिफारिस | निःशुल्क |
| ४ | विपदबाट पीडितको लागि राहात शिफारिस | निशूल्क |
| ५ | कडा रोगलागेकोको शिफारिस | निशूल्क |
| ६ | विपन्न नागरिक सिफारिस | निशूल्क |

| | | |
|---|---|---|
| ७ | सामाजिक सुरक्षा सँग सम्बन्धित सबै सिफारिस | निशूल्क |
| ८ | योजना माग सिफारिस | निशूल्क |

## अनुसूची-९

### (दफा ११ संग सम्बन्धित)

### बुलिङटार गाउँपालिका आ.ब. २०८२।८३ मा लगाउने दण्ड,जरिवाना दस्तुर विवरण

| क्र.स. | विवरण | रकम रु. |
|---|---|---|
| १ | प्रति व्याकहोलोडर | ५०००० |
| २ | प्रति टिप्पर | २५००० |
| ३ | प्रति टेक्टर | १५००० |
| ४ | प्रति सवारी चालक(व्याकहोलोडर, टिप्पर, टेक्टर) | १०००० |